# डायास्पोरा नेपाली लिटरेचर एवार्ड–२००७ को परिणाम घोषणा

एन्आर्एन्का लागि नेपाली साहित्यको निमित्त स्थापना गरिएका तीनवटा एवार्डहरुका विजयीका नामहरु मूल्याङ्कन मण्डलको निर्णयानुसार अनेसास एवार्ड कमिटीको तर्फबाट, आज सेप्टेम्बर २५, २००७ को दिन, म सुमन तिमसिना, सगौरव, निम्नानुसारको परिणाम घोषणा गर्दछु ।

१. **श्री होमनाथ सुवेदीलाई डायास्पोरा नृपध्वज कार्की नेपाली साहित्य प्रथम पुरस्कार–२००७** प्रदान गरिने भएको छ । डायास्पोरामा महत्वपूर्ण योगदान गर्ने नेपाली भाषाका साहित्यकार भएकोले वहाँलाई यो डायास्पोरा नृपध्वज कार्की नेपाली साहित्य पुरस्कार–२००७ प्रदान गर्ने निर्णय गरिएको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र प्ल्याक छ । उहाँका १३ वटा पुस्तकाकार कृति र सयभन्दा बढी सिर्जनाहरु प्रकाशित छन् । उकाँको बारेमा त्रिभुवन वि.वि.ले पनि अनुशीलन गराइसकेको छ । उहाँ अनेसासका संस्थापकमध्ये एक संस्थापक अध्यक्ष हुनुहुन्छ । यो पुरस्कार डा. श्याम कार्की, इन्दिरा फाउन्डेशनले एन्आरएन्को लागि प्रायोजन गरेको हो ।

२. **श्री वालकृष्ण शर्मालाई डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार–२००७** प्रदान गरिने भएको छ । डायास्पोरामा महत्वपूर्ण योगदान गर्ने नेपाली भाषाका साहित्यकार र उनका कृतिबारेमा अनुसन्धान गरेकोले वहाँलाई यो डायास्पोराको पुरस्कारबाट सम्मान गर्ने निर्णय गरिएको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र प्ल्याक छ । उहाँ सरस्वती क्याम्पसमा प्राध्यापक हुनुहुन्छ । यो डायास्पोरिक साहित्यको अनुसन्धानमा प्रोत्साहित गर्नको लागि एन्आर्एन्का सक्रिय व्यक्तित्व डा. जिवा लामिछाने (रसिया) ले प्रायोजन गर्नुभएको हो ।

३. **नेपाली केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालयलाई अनेसास एन्आर्एन् - डायास्पोरा फूलकुमारी महतो स्मृति पुरस्कार–२००७** प्रदान गरिने भएको छ । डायास्पोरामा महत्वपूर्ण योगदान गर्ने नेपाली भाषाका साहित्यकार र उनका कृतिबारेमा अनुसन्धान गराउनको लागि यो फेलोशिप त्रि.वि.वि. को नेपाली विभागलाई दिने निर्णय कमिटीले गरेको हो । यो पुरस्कारमा नगद डलर ५००।०० र अनुसन्धाता उपस्थित भएमा प्ल्याक पनि प्रदान गरिन्छ । यो फेलोशिप डायास्पोरिक साहित्यको अनुसन्धानमा प्रोत्साहित गर्नको लागि एन्आर्एन्का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो (रसिया) ले प्रायोजन गर्नुभएको हो ।

यी तीनवटै पुरस्कारहरू यस वर्ष एन्आर्एन्कन्फेरेन्समा काठमाडौंमा यही अक्टोबर १४को दिन वितरण गरिनेछ । भविष्यमा पनि प्रत्येक दु-दुई वर्षमा हुने एन्आरएन् वर्ल्ड कन्फेरेन्समा यी तीनवटै पुरस्कारहरु वितरण गर्ने निर्णय अनेसास-एन्आर्एन् एवार्ड कमिटीले गरिसकेको कुरा पनि म पूर्व जानकारी दिन चाहन्छु ।

अध्यक्ष
सुमन तिमसिना
एवार्ड कमिटी, अनेसास
कलेजभिल, फिलाडेल्फिया, पेन्सिल्भेनिया
०९/२५/२००७